आठबिसकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

आठबिसकोट, हुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

URL: www.aathbiskotmun.gov.np
Contact no.: 9748583138, 9843258271

पत्र संख्या:२०८०/०८१

चलानी नम्बर : .........

## करार सेवामा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति २०८०/०५/०१ गते)**

**आठबिसकोट नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७४** बमोजिम यस नगरपालिका अन्तरगत रहेका विभिन्न शाखा/फाँट/इकाईहरुमा आवश्यक पर्ने तपसिलमा उल्लिखित करार सेवाका पद र संख्यामा खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुरा गरेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात सहित यस आठबिसकोट नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्न सकिने व्यहोरा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | विज्ञापन नम्बर | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | **कृषि अधिकृत** | छैटौं | १ | |
| २ | ०२/२०८०/०८१ | **प्राविधिक सहायक (कृषि)** | पाँचौ | १ | |
| ३ | ०३/२०८०/०८१ | **डेन्टल सहायक** | पाँचौ | १ | |
| ४ | ०४/२०८०/०८१ | **नायव प्राविधिक सहायक (कृषि)** | चौथो | ५ | |
| ५ | ०५/२०८०/०८१ | **नायव पशु सेवा प्राविधिक (पशु)** | चौथो | ८ | |
| ६ | ०६/२०८०/०८१ | **ल्याव असिस्टेन्ट** | चौथो | २ | |
| ७ | ०७/२०८०/०८१ | **अनमी** | चौथो | २ | |
| ८ | ०८/२०८०/०८१ | **नगर प्रहरी सहायक निरिक्षक** | चौथो | १ | |
| ९ | ०९/२०८०/०८१ | **नगर प्रहरी जवान** | श्रेणीविहिन | ९ | |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

(क) कृषि अधिकृत पदको हकमा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट बाली विज्ञान विषयमा स्नातक वा सो सरह उतिर्ण गरेको,

(ख) प्राविधिक सहायक (कृषि) पदको हकमा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट बाली विज्ञान विषयमा डिप्लोमा तह वा सो सरह उतिर्ण गरेको,

(ग) डेन्टल सहायक पदको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट डेन्टल हाइजिनिस्ट विषयमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरी नेपाल स्वास्थ्य व्यावसायिक परिषद (NHPC) दर्ताको प्रमाणपत्र प्राप्त गरेको,

(घ) नायव प्राविधिक सहायक (कृषि) को हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट बाली विज्ञान विषयमा कम्तिमा TSLC वा सो सरह उतिर्ण गरेको,

(ङ) नायव पशु सेवा प्राविधिक पदको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट पशु विज्ञान विषयमा कम्तिमा TSLC वा सो सरह उतिर्ण गरेको,

आठविसकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

आठविसकोट, रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

URL: www.aathbiskotmun.gov.np
Contact no.: 9748583138, 9843258271

पत्र संख्या:२०८०/०८१

चलानी नम्बर : .........

(च) ल्याव असिस्टेन्ट पदको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट ल्याव असिस्टेन्ट विषयमा कम्तिमा TSLC वा सो सरह उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायिक परिषद (NHPC) दर्ताको प्रमाणपत्र प्राप्त गरेको,

(छ) अनमी पदको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट ANM विषयमा कम्तिमा TSLC वा सो सरह उतिर्ण गरी नेपाल नर्सिङ काउन्सिल (NNC) दर्ताको प्रमाणपत्र प्राप्त गरेको,

(ज) नगर प्रहरी सहायक निरिक्षक पदको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट +2 वा सो सरह उतिर्ण गरेको,

(झ) नगर प्रहरी जवान पदको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट ८ कक्षा उतिर्ण गरेको ।

**२. उमेर हद :** १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको, महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**३. विशेष व्यवस्था :** सशस्त्र द्धन्द्धका कारण नेपाल सरकारको नोकरीबाट पलायन भएका **पूर्व सैनिक/सशस्त्र प्रहरी/जनपद प्रहरी तथा UNMIN बाट प्रमाणिकरणमा परेका प्रमाणपत्रवाहक पुर्व जनमुक्ति सेनाका सदस्यहरुलाई** माथि बुँदा नं १ (ज) र ( झ) मा तोकिएको शैक्षिक योग्यता र बुँदा नं. २ अनुसारको माथिल्लो उमेर हद लागू हुने छैन । तर, यस्ता उम्मेदवारहरले माथि उल्लिखित व्यहोरा खुल्ने कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**४. तलव/सुविधा :** कार्यालयको करार सम्झौता बमोजिम ।

**५. दरखास्त दिने मिति :- २०८०/०५/०३ देखि २०८०/०५/१७** गते कार्यालय समयभित्र (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुल्ने समयमा पेश गर्न सकिने छ ।)

**६. दरखास्त दिने स्थान :-** आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम)

**७. आवश्यक कागजातहरु:-**

(क) नेपाली नागरिकताको प्रतिलिपी

ख) उम्मेदवारहरुको व्यक्तिगत विवरण,

ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,

घ) पासपोर्ट साइजको फोटो ३ प्रति,

ङ) कार्य अनुभव वा तालिम भए सोको प्रतिलिपी,

**७. परिक्षाको प्रकार : (क)** लिखित, **(ख)** मौखिक **(ग)** शारीरिक तन्दुरुस्ती परिक्षण (नगर प्रहरी सहायक निरिक्षक र जवानको हकमा मात्र)

**८. परीक्षा दस्तुर :-** छैटौं तहको लागी रु १,५००|– पाँचौ र चौंथो तहको लागी रु १,०००|– र श्रेणीविहिनको लागि रु. ५००/-

**९. परिक्षा दस्तुर बुझाउने तरिका :**

**(क) बैक मार्फत राजश्व बुझाउने तरिका :** आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम)को नाममा **श्री प्रभु बैक आठविसकोट शाखामा रहेको आन्तरिक राजश्व खाता नं. २६०७०८९८१५०००१७८** मा राजस्व शिर्षक परिक्षा दस्तुर (१४२२४) मा रकम जम्मा गरी सो बैक दाखिला भौचर यस नगरपालिकाको राजश्व उपशाखामा पेश गरि नगदी रसिद बुझिलिई दरखास्त फारममा संलग्न गर्ने ।

**(ख) नगदै बुझाउने तरिका :** यस नगरपालिकाको राजश्व उपशाखामा तोकीएको राजश्व रकम बुझाइ नगदी रसिद लिइ फारममा संलग्न गर्ने ।

**१०. परीक्षा मिति :-** दरखास्त लगाउने अन्तिम मितिमा छोटो सुची (Short list) प्रकाशनका समयमा तोकिने छ ।

**(नोट: रित नपुगेका र म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन )**

**कर्मचारी पदपूर्ति समिति**